# त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन २०७८

**त्रिपुरासुन्दरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको विधयेक २०७८**

**प्रस्तावना:** त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वान्क्षनिय भएकोले,

नेपालको संबिधान धारा २२८ को उपधारा (२) बमोजिम त्रिपुरासुन्दरी गाउँसभाले यो ऐन बनाएको छ|

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम "आर्थिक ऐन २०७८ " रहेको छ |

(२)यो ऐन त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाबाट पास भएको मितिदेखि त्रिपुरासुन्दरी गाउँपालिका को सम्पूर्ण क्षेत्रभित्र लागू हुनेछ|

**२.सम्पति कर:** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति कर घरजग्गा कर लगाई असुल उपर गरिनेछ |

**३.घर वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल , ग्यारेज ,गोदाम टहरा ,छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तबरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ|

**४.व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार ,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यबसाय कर लगाइने र असुल उपर गरिनेछ |

**५.जडीबुटी,कवाडी र जीवजन्तु कर**ःगाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन ,खाटो ,जडिबुटी, वनकस ,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाढ,सिङ,प्वाख, छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूची (४) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ |

**६.सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ| तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ|

**७.बिज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने बिज्ञापन अनुसूची (६)बमोजिममा बिज्ञापन कर लगाइने र असूल उपर गरिनेछ | तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ |

**८.मनोरंजन कर:**गाउँपालिका क्षेत्रभित्र हुने मनोरंजन व्यबसाय सेवामा अनुसूची (७) बमोजिम व्यबसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९.बहाल बिटौरी कर:** गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण ,रेखदेख वा संचालन गरेका अनुसूची (८)

मा उल्लेख भए अनुसार हाट बजार वा पसल मा सोहि अनुसूचीमा भएको व्यबस्था अनुसार बहाल बिटैरी शुल्क लगाइने र असूल उपर गरिनेछ|

**१०.पार्किंग शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किंग सुबिधा उपलब्ध गराए बापत अनुसूची (९)बमोजिम पार्किंग शुल्क लगाइने र असूल उपर गरिनेछ|

**११.ट्रेकिंग,कायोकिड,क्यानिंग,बन्जी जम्पिंग, जिपफ्ल्यर र rafting शुल्क:**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिंग,कायोकिड,क्यानिंग,बन्जी जम्पिंग, जिपफ्ल्यर र rafting सेवा वा व्यबसाय संचालन गरेवापत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२.सेवा शुल्क ,दस्तुर:** गाउँपालिकाले निर्माण संचालन वा व्यबस्थापन गरेका अनुसूची ११ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा मा सेवाग्राही बाट सोहि अनुसूचीमा व्यबस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३.पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १२ मा उल्लेखित दरमा प्रयटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्था हरुलाई कुनै पनि किसिमको कर छुट दिइनेछैन| तर सहारा बिहिन अपांगता भएका नागरिक , दैबी प्रकोप पिडित र एकल र बिधुवा महिलाको सिफारिस दस्तुर छुट दिन भने कुनै बाधा छैन ।

**१५.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ|

**१६.संसोधन:** यो ऐन लाई आवश्यकता अनुसार गाउँसभा बाट आबश्यक संसोधन तथा परिमार्जन गर्न सकिने छ ।

१७. यस ऐन बमोजिम लगाइने कर लगायत चोरी निकासी गरेको पाइएमा गाउँकार्यपालिका बाट तोकिए बमोजिम दण्ड जरिवाना गर्न सकिने  छ |

**नेपालको संबिधान २०७२ को धारा २२८ (२) बमोजिम स्थानीय तहमा लगाइने करको दर**

**(ऐनको दफा २ संग सम्बन्धित )**

**आ.व. ०७८/०७९को लागि कर राजस्व,गैर कर राजस्व लगायत सबै प्रकारका राजस्वको दर बमोजिम देहाय बमोजिमको कर निर्धारण गर्ने भनि राजश्व परामर्श समितिले दिएको सुझाबलाई कार्यपालिकाले स्वीकृति गरेकोले आजको सभाले देहाय बमोजिमको कर राजश्व, गैर कर राजस्व लगायत सबै प्रकारका राजस्वको करको दरलाई  आजको सभाले सर्वसम्मति स्वीकृतीगर्दछ|**

## अनुसूची १

**१.सम्पति कर**

**१.१ घर कर** बार्षिक

| | | पहिलो तला रु. | दोस्रो तला रु. | तेस्रो तला रु. | तेस्रो तला भन्दा माथि रु. |
|---|---|---|---|---|---|
| १ | पक्की प्रति घरधुरी | ३०० | ५०० | ९०० | १२०० |
| २ | कच्ची प्रतिघर घरधुरी | १०० | १०० | १०० | १०० |

## अनुसूची २

**१.२ मालपोत दस्तुर**

| क्र.स | विवरण | अब्बल रु. | दोयम रु. | सिम रु. | चाहर रु. |
|---|---|---|---|---|---|
| १ | खेत प्रति रोपनी | २० | १५ | १० | १० |
| २ | पाखो प्रति रोपनी | १० | १० | १० | १० |

**नोट: मालपोत उठाउन रु १०|- भन्दा कम शुल्क आएको खण्डमा रु १०|- लाई न्युनतम रकम मानि रसिद काटिनेछ |**

## अनुसूची ३

**२.बहाल कर**

| २.१ घर बहाल कर | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | विवरण | शुल्क रु. | कैफियत | | |
| १. | घर भाडा बापत घरधनीले पाउने बहाल रकमको | १० प्रतिशत | | | |
| **२.२ अन्य बहाल कर** | | | | | |
| १. | भवन, पसल,ग्यारेज,गोदाम ,टहरा ,छप्पर,जग्गा वा पोखरी बापत पाउने वहाल रकमको | १० प्रतिशत | | | |

**अनुसूची ४**

**३.व्यवसाय**

| क्र.स. | विवरण | दर्ता शुल्क रु. | नबिकरण शुल्क रु. | कैफियत | |
|---|---|---|---|---|---|
| **३.१ उपभोग्य सामग्री कर** | | | | | |
| १ | किराना पसल–(थोक) | २००० | १००० | | |
| २ | किराना पसल– खुद्रा | १००० | ५०० | | |
| ३ | साधारण पसल खुद्रा बिक्रेता | १००० | ५०० | | |
| ४ | तरकारी तथा फलफुल थोक पसल | १००० | ५०० | | |
| ५ | तरकारी तथा फलफुल खुद्रा पसल | ५०० | २०० | | |
| ६ | मासु तथा माछा पसल(थोक) | १००० | ५०० | | |
| ७ | मासु तथा माछा पसल(खुद्रा) | ५०० | २०० | | |
| **३.२ व्यबसाय कर** | | | | | |
| १ | भाडा पसल (थोक ) | १००० | ५०० | | |
| २. | भाडा पसल (खुद्रा) | ८०० | ३०० | | |
| ३ | रड,सिमेन्ट,कर्कट पाता (मध्यम) | ५००० | २००० | बीस लाख भन्दा कम | |
| ४ | रड,सिमेन्ट,कर्कट पाता (उच्च) | ८००० | ३००० | बीस लाख भन्दा माथि | |
| ५ | रंग,रोगन,सिसा,पलाईउडपसल (थोक) | ८००० | ३००० | | |
| ६. | बिजुलीको पसल ठुलो | ८००० | ३००० | रु पाँच लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भन्दा बढी पुंजी | |
| ७. | बिजुलीको समान पसल सानो | ३००० | १५०० | रु पाँच लाख भन्दा कम पुंजी | |
| ८. | सेनेटरी सामान  पसल (थोक) | ५००० | २००० | | |
| ९. | सेनेटरी सामान पसल (खुद्रा) | ३००० | १००० | | |
| १० | रेडियो, टिभी, घडी ,क्यासेट ,क्यामेरा ,फ्रिज मोबाइल लगाएत इलेक्ट्रोनिक सामान ,कम्प्युटर बिक्रि पसल | ५००० | ३००० | | |
| ११ | रेडियो, टिभी, घडी ,क्यासेट ,क्यामेरा ,फ्रिज मोबाइल लगाएत इलेक्ट्रोनिक सामान ,कम्प्युटर  मर्मत पसल | ३००० | १५०० | | |
| १२ | फुर्निचर तथा काठको सामान बिक्रेता पसल | ५००० | २००० | | |
| १३ | कपडा पसल | ३००० | १५०० | | |
| १४ | फेन्सी पसल | २००० | १००० | | |
| १५ | आर्ट व्यबसाय ,फोटो स्टुडियो | २००० | १००० | | |
| १६ | स्टेशनरी पुस्तक पसल थोक बिक्रेता | ३००० | १००० | | |
| १७ | वर्कशप(मोटरसाइकल) | ५००० | ३००० | | |
| १८. | वर्कशप (चारपांग्रे र ठुलो साधन) | १०००० | ५००० | | |
| १९ | स्टेशनरी पसल  खुद्रा | १००० | ५०० | | |
| २० | फ्रेश हाउस | २००० | १००० | | |
| २१ | गिफ्ट तथा कस्मेटिक पसल | २००० | १००० | | |
| २२ | व्युटी पार्लर | २००० | १००० | | |
| २३ | सुनचांदी पसल | ३००० | १००० | | |
| २४ | टेन्ट हाउस र क्याटरिंग | ३००० | १५०० | | |
| २५ | मदिरा पसल(थोक बिक्रेता ) | ५००० | ३००० | | |
| २६ | मदिरा पसल (खुद्रा बिक्रेता  ) | २००० | १००० | | |
| २७ | सटिंग सुटिंग लेडिस एंड जेंट्स | २००० | १००० | | |
| २८ | टेलरिंग (सिलाई मात्र) | १००० | ५०० | | |
| २९ | सैलुन | २००० | १००० | | |
| ३० | व्युटी पार्लर ट्रेनिंग सेन्टर | १००० | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | कम्प्युटर बिक्रि मर्मत | ३००० | १००० | | |
| ३२ | डोको, नाम्लो ,भकारी,प्लास्टिक, तथा बेतबासका सामानहरु | ५०० | २०० | | |
| ३३ | कवाडी व्यबसाय | २००० | १००० | | |
| ३४ | बैकल्पिक उर्जा | २००० | १००० | | |
| ३५ | चस्मा पसल दर्ता | १००० | ५०० | | |
| ३६ | सामुदायिक भवन तथा तालीम हल(नाफामुलक) | २००० | १००० | | |
| ३७ | ड्राईभिङ सेन्टर चार पांग्रे वा दुई पांग्रे | १०००० | २००० | | |
| ३८ | होमडेकोर | २००० | १००० | | |
| **३.३ कृषि तर्फ** | | | | | |
| १ | पोल्ट्री फर्म | २००० | १००० | | |
| २ | कृषि फर्म | २००० | १००० | | |
| ३ | कृषि सामग्री बिक्रि केन्द्र | २००० | १००० | | |
| ४ | एग्रोभेट | २००० | १००० | | |
| ५ | कृषि उपकरण मर्मत तथा बिक्रि | २००० | १००० | | |
| ६ | रासायनिक मल ,विउ विजन, किटनासक औषधि,दाना ,चल्ला ,बिक्रि भेटेनरी सेवा समेत | २००० | १००० | | |
| **३.४ होटल व्यबसाय तर्फ** | | | | | |
| १ | सुबिधा सम्पन्न व्यावसायिक रिसोर्ट | १०००० | ५००० | | |
| २ | सुबिधा सम्पन्न खाना तथा बासको व्यबस्था भएको | २००० | १००० | | |
| ३ | स–साना खाजा पसल तथा खाना चिया पसल | १००० | ५०० | | |
| ४ | घुम्ती तथा ठेला पसल | ५०० | २०० | | |
| ५. | सुबिधा सम्पन्न रेस्टुरेन्टहरु | ३००० | १५०० | | |
| **३.५ स्वास्थ्य सेवा तर्फ** | | | | | |
| १ | क्लिनिक | ५००० | २००० | | |
| २ | औषधि पसल थोक बिक्रेता | ८००० | २००० | | |
| ३ | औषधि पसल खुद्रा बिक्रेता | २००० | १००० | | |
| ४ | निजी अस्पताल तथा नुर्सिंग होम | १०००० | ५००० | | |
| ५ | निजी क्लिनिक तथा ल्याब सेवा | ५००० | २००० | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **३.६ कम्पनी तर्फ** | | | | | |
| १ | बिज्ञापन एजेंसी | २००० | १००० | | |
| २ | परामर्श दाता (कन्सलटेंसी) | ८००० | ३००० | | |
| ३ | बोर्डिंग स्कूल(आधारभूत १–३) | ३००० | १००० | | |
| ४ | बोर्डिंग स्कूल(आधारभूत १–५) | ५००० | २००० | | |
| ५ | बोर्डिंग स्कूल(आधारभूत १–८) | १०००० | ३००० | | |
| ६ | बोर्डिंग स्कूल माध्यमिक(९–१२) | १५००० | ५००० | | |
| ७ | निजि क्याम्पस | १५००० | ५००० | | |
| ८ | पूर्व आधारभूत तह मोंटेश्वरी | २००० | १००० | | |
| ९ | कानुनी परामर्श तथा लेखापढी सेवा | ३००० | १००० | | |
| १० | इन्जिनियरिंग परामर्श सेवा | २०००० | १०००० | | |
| ११ | शैक्षिक परामर्श सेवा | ५००० | ३००० | | |
| १२ | कम्प्युटर,फोटोकपी,टूयुशन तथा भाषा शिक्षण संचालन तर्फ | ३००० | १००० | | |
| १३ | एन सेल टावर ,एन.टि.सी. टावर | १५००० | १०००० | | |
| १४ | इन्टरनेट टावर | ५००० | ३००० | | |
| १५ | केबुल प्रसारण | ३००० | १००० | | |
| १६ | फोटोकपी,फ्याक्स ,लेमिनेशन,बेंडीग ,कुरिअर | २००० | १००० | | |
| **३.७ वित्तिय संस्था तर्फ** | | | | | |
| १ | 'क' वर्ग बैंक | २०००० | १५००० | | |
| २ | 'ख' वर्ग बैंक वा वित्तीय संस्था | १५००० | १०००० | | |
| ३ | 'ग' वर्ग बैंक वा वित्तीय संस्था | १०००० | ८००० | | |
| ४ | 'घ' वर्ग बैंक वा वित्तीय संस्था | ८००० | ६००० | | |
| ५. | कृषि सहकारी संस्था | ३००० | १००० | | |
| ६. | बचत तथा ऋण सहकारी संस्था | ८००० | ५००० | | |
| ७ | बचत तथा ऋण सहकारी संस्थाको आ ब रिपोर्ट अनुसार प्रति एक लाख नाफामा न्यूनतम | १ प्रतिशत | ………… | प्रति एक लाख मा | |
| ८ | कृषि तथा सेवामुलक सहकारी संस्थाको लेखा परिक्षण रिपोर्ट अनुसार प्रति एक लाख नाफामा | ०.५ प्रतिशत | ……….. | प्रति एक लाखमा | |
| ९ | महिला तथा वचत सहकारी संस्था | ०.५ | ………….. | प्रति एक लाख मा | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | रेमिटेन्स सेवा बार्षिक मुनाफाको | ३००० | १ प्रतिशत | | |
| ११ | बिमा कम्पनी /एजेन्ट कम्पनी दर्ता | ५००० | ३००० | | |
| **३.८ उधोग तर्फ (रु)** | | | | | |
| १ | पाउरोटी,बरफ,बिस्कुट,तथा चाउमिन उधोग | ५०० | २०० | | |
| २ | पोलिथिन पाइप तथा अन्य प्लास्टिकका सामानहरुको उधोग | ५००० | ३००० | | |
| ३ | फुर्निचर निर्माण उधोग(घरेलु) | ५००० | ३००० | | |
| ४ | मैनबत्ती तथा अगर बत्ति उधोग | ५०० | २०० | | |
| ५. | मसला उधोग | ५०० | २०० | | |
| ६ | ह्युम पाइप, बिधुत पोल ,तार बार पोल सिमेन्ट ब्लक र सिमेन्ट रेलिंग उधोग | १०००० | ५००० | | |
| ७ | बालुवा खानी /ढुंगा गिट्टी खानी संचालन | २०००० | १०००० | | |
| ८ | झोला तयारी गर्ने उधोग (कपडाको) | १००० | ५०० | | |
| ९ | डेरी उधोग(दुग्ध तथा दुग्ध सम्बन्धी अन्य व्यबसाय | १००० | ५०० | | |
| १० | समिल उधोग | ५००० | ३००० | | |
| ११ | ग्रिल सटर उद्योग | ५००० | ३००० | | |
| १२ | कुटानी पिसानी मिल | १००० | ५०० | | |
| १३ | पानी घट्ट | ६०० | ४०० | | |
| १४. | क्रसर उद्योग सानो वार्षिक | २०००० | १५००० | | |
| १५ | क्रसर उद्योग मझौला बार्षिक | ४०००० | २५००० | | |
| १६ | क्रसर उद्योग ठुलो वार्षिक | ५०००० | ३०००० | | |
| १७ | सिमेन्ट उद्योग | ५०००० | ३०००० | | |
| १८ | ग्यास उद्योग | ४०००० | २५००० | | |
| १९ | बालुवा धुने उद्योग वार्षिक | १०००० | ५००० | | |
| २० | बालुवा खानी तथा ढुंगा खानी अनुमति सिफारिस दस्तुर | ५०००० | | | |
| २१ | बालुवा खानी तथा ढुंगा खानी नामसारी दस्तुर | २०००० | | | |
| २२ | इट्टा, ब्लक,रिंग,र टायलउद्योग ठुलो | २०००० | १५००० | | |
| २३ | ब्लक,रिंग,र टायल उद्योग सानो | ५००० | ३००० | | |
| २४ | इट्टा उद्योग (ठुलो) | ३५००० | १५००० | | |
| २५ | इट्टा उद्योग (सानो तथा घरेलु) | ५००० | ३००० | | |
| २६ | मादल,खैजडी ,लगायत स्थानीय बाजा निर्माण | १००० | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा बिक्रि | | | | |
| २७ | सिरक डसना उद्योग | ३००० | १००० | | |
| २८ | छाला जुत्ता उत्पादन तथाबिक्रि पसल | १००० | ५०० | | |
| २९. | पेट्रोल पम्प सिफारिस | ५०००० | २५००० | | |
| ३० | आरन दर्ता | २०० | १०० | | |
| ३१ | १० लाख सम्म लगानी भएको ग्रिल/स्टिल/आलमुनीयमUPVC/CPVCफेब्रिकेसन | ३००० | १००० | | |
| **३.९ निर्माण व्यबसायी** | | | | | |
| १ | क श्रेणी | ३०००० | २५००० | | |
| २ | ख श्रेणी | २५००० | २०००० | | |
| ३ | ग श्रेणी | २०००० | १५००० | | |
| ४ | घ श्रेणी | १०००० | ३००० | | |
| **३.१० यातायात व्यवसाय तथा रुट परमिट शुल्क** | | | | | |
| १. | ट्रीपर १० पांग्रे(१४ मिटर वा सो भन्दा माथि लम्बाई ) | ५००० | २००० | | |
| २. | ट्रीपर ६ पांग्रे(७ मिटर वा सो भन्दा माथि लम्बाई ) | ३००० | १००० | | |
| ३. | आईचर | २००० | १००० | | |
| ४. | स्वराज | २००० | १००० | | |
| ५. | ट्र्याकटर | २००० | २००० | | |
| ६. | इट्टा,ढुंगा, वालुवा तथा संकलन(डिपो) | ५००० | ३००० | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **३.११ वालुवा ,ढुंगा ,रोडा,गिट्टी,ग्रावेल निकासी कर प्रति टिप (ठेक्का नलाग्दाको आवस्था) (रु.)** | | | | | |
| १ | ट्रीपर प्रतिटिप १० पांग्रे(१४ मिटर वा सो भन्दा माथि लम्बाई ) (पटक) | १००० | | | |
| २ | ट्रीपर प्रतिटिप ६ पांग्रे(७ मिटर वा सो भन्दा माथि लम्बाई ) पटक | १००० | | | |
| ३ | आईचर पटक | ५०० | | | |
| ४ | स्वराज पटक | ५०० | | | |
| ५ | ट्र्याकटर पटक | ५०० | | | |
| ६ | इट्टा,ढुंगा, वालुवा संकलन(डिपो)प्रति टिप | २०० | | | |

**अनुसूची ५**

**४.जडिबुटी,कवाडी र जीवजन्तु कर :**

| ४.१चौपाय,चखेरु जन्य पदार्थ एवं अंग: | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | विवरण | रकम रु. | | | |
| १ | हाड प्रति के.जी | १ | | | |
| २ | सिंग प्रति के.जी. | २ | | | |
| ३ | खुर प्रति के .जी. | २ | | | |
| ४ | छाला ठुलो प्रति गोटा | २५ | | | |
| ५ | छाला सानो प्रति गोटा | २५ | | | |
| ६ | हाँस ,कुखुरा जस्ता पन्छीहरुको प्वाख प्रति के.जी | १/५० | | | |
| ७ | जगर ऊन(प्राकृतिक र कृतिम )प्रति के.जी. | १/५० | | | |
| **४.२ बनपैदावार** | | | | | |
| क्र.स | विवरण | प्रति क्युफिट आन्तरिक निकासी (रु) | प्रति क्युफिट वाहय निकासी (रु) | | |
| १ | सुकेढलेका काठ जुन प्रयोग गर्न लायक सालको काठ प्रति क्युफिट | १०० | २०० | | |
| २ | सुकेढलेका काठ जुन प्रयोग गर्न लायक सिसौ लगायतको काठ प्रति क्युफिट | ५० | १०० | | |
| ३ | सुकेढलेका काठ जुन दाउरा प्रयोग गर्न लायक प्रति कुविन्टल | १०० | १५० | | |
| ४ | बाँस गोटा | ५ | ५ | | |
| ५ | बन नियमावलीले तोकिएको जडिबुटी प्रति के.जी | १ | १ | | |
| ६ | वनकास अम्लिसो कुचो ,वावियो ,मलहनपत्ता, पटेर, छावाली, पराल ,बकास ,लोक्ता ,निगालो प्रति के.जी | १ | १ | | |
| ७ | खोटो (लिसा) प्रति के.जी | १ | १ | | |
| ८ | सालको (विया ) प्रति के जी | १ | १ | | |
| ९ | सल्लाको सिम्टा प्रति के जी | १ | १ | | |

**अनुसूची ६**

**५.सवारी साधान कर**

**५.१ सवारी साधान तर्फ (वार्षिक) रु.**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ढुवानी सेवा साना गाडीहरु(light vehicle) सूचीकृत | १००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ढुवानी सेवा ठुला गाडीहरु (heavy vehicle ) सुचिकृत | ५००० | | | |
| ३ | एक्कसाभेटर (एक आर्थिक वर्षको लागि गा.पा.मा सुचिकृत ) | १५००० | | | |
| ४ | जेसिवी (एक आर्थिक वर्षको लागि गा.पा.मा सुचिकृत ) | १०००० | | | |
| ५ | ट्रान्सपोर्ट सेवा | ५००० | २००० | | |
| ६ | ढुवानी सेवा मिनी | ३००० | २००० | | |
| **५.२ पटके कर (वार्षिक) रु.** | | | | | |
| १ | पटके सवारी कर(बस ,ट्रक,लहरी,ठुला सवारी साधन ) | २५ | | | |
| २ | ट्र्याक्टर ,ट्रक | १५ | | | |
| ३ | कार साना निजी सवारी साधन | १० | | | |
| **अनुसूची ७**<br>**५.३ बिज्ञापन कर** | | | | | |
| क्र.स. | विवरण | शुल्क रु. | | | |
| १ | ग्लो साइनबोर्ड, डीपीएस बोर्ड प्रति वर्ग फिट | ५० | | | |
| २ | ब्यानर(बढीमा एक महिना सम्मको लागि )प्रतिगोटा | १०० | | | |
| ३ | आफ्नो व्यवसाय को पहिचान को लागि व्यबसाय स्थलमा राखेको साइनबोर्डको | ५०० | | | |
| ४ | वाल पेन्ट बिज्ञापन प्रति वर्ग.फिट | १० | | | |
| **अनुसूची ८**<br>**७.मनोरंजन कर( बार्षिक)** | | | | | |
| क्र.स. | विवरण | शुल्क रु. | कैफियत | | |
| १ | सिनेमा हल | १०००० | वार्षिक | | |
| २ | नाट्यशाला | २००० | वार्षिक | | |
| ३ | रोधीघर | ५००० | वार्षिक | | |
| ४ | दोहोरि साँझ | ५००० | वार्षिक | | |
| ५ | सांस्कृतिक प्रदशनी (विभिन्न सांस्कृतिक कार्यक्रम ) | १००० | प्रति दिन | | |
| ६ | जादु,सर्कस ,चटक | ४०० | प्रति दिन | | |
| **पुनश्च:कुनै पनि संघ संस्थाबाट आयोजना हुने महोत्सब प्रदर्शनीको प्रवेश शुल्कमा टिकटको ५ प्रतिशत र सो प्रदशनीस्थलको भित्र रमाइलो मेला सर्कस यस्तै प्रकृतिका अन्य कार्यक्रममा** | | | | | |

टिकटको १० प्रतिशत कर

**अनुसूची ९**

**८.बहाल बिटौरी कर :**

| क्र.स. | विवरण | शुल्क रु. | कैफियत | | |
|---|---|---|---|---|---|
| १ | हल भाडा ठुलो | २००० | प्रति दिन | | |
| २ | हल भाडा सानो | १००० | प्रति दिन | | |
| ३ | अस्थाई पसल | १००० | वार्षिक | | |

**अनुसूची १०**

**९.पार्किंग शुल्क :**

| क्र.स. | विवरण | शुल्क रु. | कैफ़ियत | | |
|---|---|---|---|---|---|
| १ | चार पांग्रे | २० | प्रति दिन | | |
| २ | दुई पांग्रे (मोटरसाईकल ) | १५ | प्रति दिन | | |
| ३ | पटके | १० | प्रति दिन | | |
| ४ | बस, ट्रक, ट्रीपर,जेसिबी | ३० | प्रति दिन | | |

**अनुसूची ११**

**१०.ट्रेकिंग,कोयोकिड,बन्जी जम्पिंग ,जिम्प्फ्लायर र रेफ्टिंग शुल्क )**

| क्र.स. | विवरण | शुल्क रु. | | | |
|---|---|---|---|---|---|
| १ | रेफ्टिंगव्यवसाय दर्ता | ५००० | २५०० | | |

**अनुसूची १२**

**११.सेवा शुल्क/दस्तुर:**

| क्र.स | विवरण | शुल्क रु. | कैफियत | | |
|---|---|---|---|---|---|
| १ | मन्त्रालय सिफारिस | २०० | योजना माग तथा सम्पन्न सिफारिस दस्तुर | | |
| २ | विभाग सिफारिस | १५० | | | |
| ३ | डिभिजन सिफारिस | १०० | | | |
| ४ | पक्का घरको सर्जिमन बापत | १००० | | | |
| ५ | अन्य सबै प्रकारको सर्जिमन बापत | १००० | | | |
| ६ | रकम कलम उठाय बापत सयकडा | १ प्रतिशत | | | |
| ७ | हरेक निबेदन दर्ता शुल्क प्रति टिकट | १० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गोटा बापत रु. | | | | |
| ८ | मिलापत्र शुल्क दुवै पक्षलाई आधा | ५००/५०० | | | |
| ९ | घर न. प्लेट प्रतिगोटा | २०० | | | |
| १० | टोल विकाससमिति दर्ता शुल्क नवीकरण | २०० | | | |
| ११. | घर निर्माण मा लाग्ने पूर्वाधार मर्मत सम्भार शुल्क | पक्की रु १००० ,कच्ची रु २५० | | | |
| १२ | नागरिकता सर्जिमन मुचुल्का | २०० | | | |
| १३ | पशु/पशुजन्य व्यबसाय दर्ता को सर्जिमन | ४०० | | | |
| १४. | जग्गा नापी गर्न फिल्डमा अमिनी खटाए बापत | रु २००० | | | |
| **११.१ घर नक्सा पास दस्तुरः** | | | | | |
| क्र.स. | विवरण | शुल्क रु. | | | |
| १. | नक्सा पास निवेदन फाराम दस्तुर | ५०० | | | |
| २ | पक्की घरको लागि पर्खाल निर्माण प्रति sq.ft दस्तुर | १ | | | |
| ३ | कच्ची घरको प्रति sq.ft. दस्तुर | ०.५ | | | |
| ४ | गा.पा हुनुभन्दा अघि निर्माण गरेको नक्सा पास मापदण्ड प्रति sq.ft | ३ | | | |
| ५ | साबिक घर परिवर्तन नहुनेगरि मर्मत सम्भार गर्नुपरेमा एकमुस्ट रु | ५०० | | | |
| ६ | नक्सा नामसारी तथा नविकरण बापत | ५०० | | | |
| ७. | नयाँ घर नक्सा पास | २ | | | |
| पुनश्चः पुरानो घरको प्राबिधिक बाट अबलोकन गर्दा लाग्ने रकममा सम्बन्धित घर धनीले खर्च व्योहोर्नु पर्ने | | | | | |
| **११.२अन्य सिफारिस दस्तुर :** | | | | | |
| क्र.स. | विवरण | शुल्क रु. | | | |
| १ | नक्सा पास नया निर्माण हुने पक्की घर/भवन | १०० | | | |
| २ | संस्थागत सिफारिस | २०० | | | |
| ३ | मुचुल्का सहितको नागरिकता/प्रतिलिपि सिफारिस | ५०० | | | |
| ४ | अंगिकृत नागरिकता सिफारिस | १००० | | | |
| ५ | प्रहरी मुचुल्का सिफारिस | २०० | | | |
| ६ | चार किल्ला सिफारिस | ५०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | घर बाटो सिफारिस | २०० | | | |
| ८ | फोटो सहितको नाता प्रमाणित | ५०० | | | |
| ९ | जग्गा नामसारी सम्बन्धि सिफारिस मुचुल्का | २०० | | | |
| १० | बेपत्ता नागरिकको जग्गा नामसारी सिफारिस | १००० | | | |
| ११ | भारत जाने आउने सिफारिस | २०० | | | |
| १२ | संस्था दर्ता सिफारिस | १००० | | | |
| १३ | संस्था नबिकरण सिफारिस | ५०० | | | |
| १४ | बैदेशिक प्रयोजनको लागि सिफारिस | २०० | | | |
| १५ | रुख काट्न प्रति रुख (आवादी) | २०० | प्रति गोटा | | |
| १६ | बिधुत मीटरसिफारिस | २०० | | | |
| १७ | उधोग दर्ता सिफारिस | १००० | | | |
| १८ | पसल दर्ता सिफारिस | १०० | | | |
| १९ | कुटानी पिसानी मिल दर्ता (ठुलो ) | २०० | | | |
| २० | कुटानी पिसानी मिल (सानो) | २०० | | | |
| २१ | काठ मिल दर्ता सिफारिस | २०० | | | |
| २२ | माथि उल्लेखित भन्दा अन्य प्रकृतिको सिफारिस माग भई आएमा प्रकृति हेरी गरिनेछ | २०० | | | |
| २३ | अपुताली सिफारिस | २०० | | | |
| २४ | मोही लगत कट्टा सिफारिस | २०० | | | |
| २५ | घर कायम सिफारिस | २०० | | | |
| २६ | छात्रबृती सिफारिस | निशुल्क | | | |
| २७ | बिपन्न बिधयार्थी छात्रवृत्ति सिफारिस | निःशुल्क | | | |
| २८ | अपाङ्ग/जेस्थनागरिक सिफारिस | निःशुल्क | | | |
| २९ | अस्थाई बसोबास सिफारिस | २०० | | | |
| ३० | स्थाई बसोबास सिफारिस | २०० | | | |
| ३१ | आर्थिक व्यबस्था बलियो वा सम्पन्नता प्रमाणित सिफारिस | ५०० | | | |
| ३२ | आर्थिक व्यबस्था कम्जोर वा विपन्नता प्रमाणित | निःशुल्क | | | |
| ३३ | धारा जडान सिफारिस | १०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | जीवित रहेको सिफारिस | २०० | | | |
| ३५ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/फरक जन्म मिति संसोधन सिफारिस | २०० | | | |
| ३६ | जग्गा मुल्यांकन सिफारिस /प्रमाणित | २०० | | | |
| ३७ | व्यबसाय बन्द सिफारिस | २०० | | | |
| ३८ | व्यबसाय संचालन नभएको सिफारिस | २०० | | | |
| ३९ | कोट फि मिनाह सिफारिस | २०० | | | |
| ४० | नावालक परिचय सिफारिस | निशुल्क | | | |
| ४१ | चौपाय सम्बन्धि खरिद बिक्रि सिफारिस | २०० | | | |
| ४२ | उधोग ठाउँ सारी सिफारिस | २०० | | | |
| ४३ | बिद्यालय ठाउँ सारी सिफारिस | २०० | | | |
| ४४ | आन्तरिक बसाइसराइ सिफारिस | २०० | | | |
| ४५ | बिद्यालय संचालन स्वीकृति/कक्षा थप सिफारिस | २०० | | | |
| ४६ | व्यक्तिगत विवरण सिफारिस | २०० | | | |
| ४७ | जग्गा दर्ता सिफारिस | २०० | | | |
| ४८ | संरक्षक सिफारिस (व्यक्तिगत ) | निशुल्क | | | |
| ४९ | संरक्षक सिफारिस (संस्थागत) | २०० | | | |
| ५० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | २०० | | | |
| ५१ | जीवितसंग को नाता प्रमाणित | २०० | | | |
| ५२ | मृतकसंग को नाता प्रमाणित | २०० | | | |
| ५३ | कोठा खोल्ने कार्यमा/रहोबरमा बस्ने | २०० | | | |
| ५४ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | | | |
| ५५ | अन्य कार्यालय को माग अनुसार विवरण खुलाई पठाउने सिफारिस | २०० | | | |
| ५६ | विवाह प्रमाणित | २०० | | | |
| ५७ | कागज/मंजुरिनामा प्रमाणित | २०० | | | |
| ५८ | अविवाहित प्रमाणित | २०० | | | |
| ५९ | कार्यमा रोहोबर | २०० | | | |
| ६० | जग्गा धनि पुर्जा हराएको सिफारिस | २०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | अंग्रेजीमा सिफारिस तथा प्रमाणीकरण | २०० | | | |
| ६२ | बिज्ञापन कर सिफारिस | २०० | | | |
| ६३ | संघ संस्था नबिकरण सिफारिस दस्तुर ३५ दिन भित्र | २०० | | | |
| ६४ | संघ संस्था नबिकरण सिफारिस दस्तुर | २०० | | | |
| ६५ | संघ संस्था नबिकरण सिफारिस दस्तुर | २०० | | | |
| ६६ | संघ संस्था नवीकरण सिफारिस दस्तुर | २०० | | | |
| ६७ | संघ संस्था नबिकरण सिफारिस | २०० | | | |
| ६८ | अन्य जिल्लामा दर्ता भइ यस गा.पा. कार्यक्रम गर्ने अ.गै.स.स. सिफारिस दस्तुर | ५००० | | | |
| ६९ | अन्य जिल्लामा दर्ता भइ यस गा.पा. कार्यक्रम गर्ने गै.स.स. सिफारिस दस्तुर | ३००० | | | |
| ७० | रु १० लाख देखि ५० लाख कार्यक्रम कार्यान्वयन गर्ने अनुमति सिफारिस | ५००० | | | |
| ७१ | यसै जिल्ला भित्र दर्ता भई यस गा पा क्षेत्र भित्र कार्यक्रम गर्ने NGO र INGO दर्ता | ५००० | | | |
| ७२ | कागजात प्रमाणित दस्तुर | २०० | | | |
| ७३ | अन्य सिफारिस(वडाले) | २०० | | | |
| ७४ | वडाले गर्ने बाहेकका अन्य महत्वपूर्ण सिफारिस गाउँपालिका ले गर्नु परेमा | ५०० | | | |
| ७५ | जेष्ठ नागरिक परिचय पत्र | निशुल्क | | | |
| **११.३ घटना दस्तुरः** | | | | | |
| क्र.स | विवरण | शुल्क रु. | | | |
| १ | घटना दर्ता ३५ दिन भित्र | 0 | | | |
| २ | घटना दर्ता ३५ दिन भन्दा पछि | २०० | | | |
| ३ | घटना दर्ता प्रतिलिपि | २०० | | | |
| ४ | घटना दर्ता अंग्रेजीमामा | ५०० | | | |
| **११.४ जलस्रोत समितिबाट निर्णय भइ आएका विभिन्न प्रकारका जलस्रोत उ.स हरुको प्रमाण-पत्र उपलब्ध गराए बापत लिईने दस्तुरः** | | | | | |
| क्र.स. | विवरण | दस्तुर | नविकरण | कैफियत | |
| १ | खानेपानी तथा सिंचाईको मुहान दर्ता | १००० | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रमाण पत्र र निबेदन दस्तुर | | | | |
| २ | पेल्ट्रिक सेट ५ किलोवाट भन्दा माथि दर्ता प्रमाणपत्र निबेदन दस्तुर | १००० | ५०० | | |
| ३ | लघु जलबिधुत ६ किलोवाट देखि १० किलोवाट सम्मको दर्ता प्रमाणपत्र निबेदन दस्तुर | १५०० | ५०० | | |
| ४ | प्रमाणपत्र प्रतिलिपि | ५०० | | | |
| **११.५ घ वर्गको इजाजत पत्र संबन्धमा (ग) (रु)** | | | | | |
| १ | इजाजत दस्तुर | १०००० | | | |
| २ | नामसारी दस्तुर | १५०० | | | |
| ३ | नबिकरण दस्तुर (असोज मसान्त सम्म) | १००० | | | |
| ४ | नबिकरण दस्तुर (पौष  मसान्त सम्म) | | ३००० | | |
| ५ | इजाजत पत्र प्रतिलिपि | १००० | | | |
| **११.६ लेखा परीक्षक सूचिकृत (रु)** | | | | | |
| १ | क.श्रेणी | ७००० | | | |
| २ | ख.श्रेणी | ५००० | | | |
| ३ | ग .श्रेणी | ५००० | | | |
| ४ | घ.श्रेणी | ४००० | | | |
| **११.७ सम्पति मुल्यांकन :** | | | | | |
| क्र.स | विवरण | शुल्क(रु) | कैफियत | | |
| १ | रु ५ लाख सम्मको | ५०० | | | |
| २ | रु ५ लाख भन्दा माथि रु ५० लाख सम्मको | २५०० | | | |
| ३ | रु ५० लाख भन्दा माथि रु १ करोड सम्मको | ५००० | | | |
| ४ | रु १ करोड भन्दा माथि जति सुकै भए पनि | ७५०० | | | |
| **११.८ अन्य दर्ता दस्तुर** | | | | | |
| क्र.स | विवरण | दस्तुर रु . | नवीकरण रु. | | |
| १ | कवुलियत बन दर्ता | १००० | ५०० | | |
| २ | प्रतिष्ठान दर्ता | १००० | ५०० | | |
| ३ | बाल क्लब दर्ता | २०० | १०० | | |
| ४ | आमा समूह दर्ता | २०० | १०० | | |
| ५ | टोल सुधार समिति दर्ता | २०० | १०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कृषि समूह दर्ता | २०० | १०० | | |
| ७ | यूवा क्लब दर्ता | ५०० | २०० | | |
| ८ | माछा पालन दर्ता | १००० | ५०० | | |
| ९. | किशोरी समुह दर्ता | २०० | १०० | | |
| **अनुसूची १३**<br>**१२-पर्यटन शुल्क**<br>**१२.१-मठ, मन्दिर शिवालय ,चर्च ,गुम्बा मस्जित** | | | | | |
| १ | सबै किसिमको मठ,मन्दिर,मस्जिद,गुम्बा,विहार,र चर्च दर्ता | ५०० | ३०० | | |
| २ | नदीमा जलविहार अनुमती नवीकरण | ५००० | ३००० | वार्षिक | |

**नोट: यस आर्थिक ऐन २०७८ मा उल्लेख गरिएका शिर्षक बाहेक अन्य शिर्षकहरु थपघट गर्नुपर्ने भएमा गाउँकार्यपालिकाको बैठकद्वारा निर्णय गरी थपघट गर्न सकिनेछ | साथै आन्तरिक राजश्वको रकम छुट दिनपर्ने औचित्य खुलेको अवस्थामा गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिएको छ |**